नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

आज मिति २०८३ जेठ ११ (तद्नुसार २५ मे २०२६) गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री खडक राज पौडेल 'गनेस' ज्यूसँग नेपालका लागि युरोपियन युनियनका राजदूत र नयाँ दिल्लीस्थित युरोपियन युनियन सदस्य राष्ट्रका राजदूतहरूले यस मन्त्रालयमा सामुहिक रूपमा शिष्टाचार भेटघाट गर्नुभएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

उक्त भेटवार्तामा राजदूतहरूले नेपालको पर्यटन, संस्कृति र नागरिक उड्डयन क्षेत्रको विकास एवम् प्रवर्धनका लागि सरकारले अगाडि सारेका एजेण्डाहरूबारे चासो व्यक्त गर्दै ती क्षेत्रहरूको विकासमा युरोपियन मुलुकहरू सहकार्य गर्न तत्पर रहेको उल्लेख गर्नुभयो। मन्त्री पौडेलले नेपालको आर्थिक, सामाजिक विकासमा पर्यटन क्षेत्रले महत्त्वपूर्ण योगदान गर्न सक्ने र त्यसमा पनि पर्वतीय पर्यटन, साहसिक पर्यटन, योग, ध्यान र आरोग्य पर्यटन तथा सांस्कृतिक पर्यटन प्रवर्धन नेपालका लागि रणनीतिक महत्त्वका क्षेत्रहरूको रूपमा रहेको बताउनुभयो। मन्त्री पौडेलले नेपालको नागरिक उड्डयन क्षेत्रलाई ईयुको हवाई सुरक्षा सूचीबाट बाहिर ल्याई थप सुरक्षित र व्यवसायिक बनाउन काम भईरहेको जानकारी गराउनुभयो। आगामी सन् २०२७ को आरोग्य पर्यटन वर्ष एवम् नेपालले वि.सं. २०८५ मा मनाउन गइरहेको **"भिजिट नेपाल, २०८५"** को सन्दर्भमा युरोपेली मुलुकहरूबाट उल्लेख्य सङ्ख्यामा पर्यटक नेपाल आउने आशा व्यक्त गर्नुभयो।

यस भेटघाटले नेपालको युरोपियन युनियन र यसका सदस्य राष्ट्रहरूसँगको सम्बन्ध थप प्रगाढ हुने एवम् पर्यटन क्षेत्रको विकासमार्फत नेपालको समृद्धिको आकांक्षा पुरा गर्न सहयोग पुग्ने विश्वास लिएका छौं।

मितिः २०८३ जेठ ११ गते, सोमबार
नेपाल संवत् ११४६, अनलाथ्व, दशमी

(जयनारायण आचार्य)
सहसचिव/प्रवक्ता

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेबसाइटः www.tourism.gv.np